REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:50 HRS 27/08/2024

---

- Task Force Meeting

देशमा चिकित्सा व्यवसायीहरूलाई कार्यस्थलमा सुरक्षा प्रदान गर्न सर्वोच्च न्यायालयद्वारा गठित राष्ट्रिय कार्यबल (NTF)-को पहिलो बैठक आज नयाँ दिल्लीमा बस्यो। मन्त्रीमण्डलका सचिवको अध्यक्षतामा बसेको बैठकमा गृह सचिव र स्वास्थ्य सचिवसमेत सबै सदस्य उपस्थित थिए। बैठकमा विभिन्न मुद्दामाथि विस्तारपूर्व चर्चा भयो, जहाँ सदस्यहरूले आ-आफ्नो सुझाउ दिए।

स्वास्थ्य मन्त्रालयले चिकित्सा व्यवसायीहरूको सुरक्षाको बारेमा देशभरिबाट व्यक्ति विशेष र विभिन्न हितधारकहरूबाट सुझाउ आमन्त्रित गर्न NTF-का लागि सुझाउ शीर्षकमा एउटा राष्ट्रिय पोर्टल बनाएको छ। मन्त्रालयले राज्य सरकारहरूसित सम्बन्धित चिकित्सा संस्थानहरूमा उपलब्ध सुरक्षा उपायको बारेमा जानकारी दिने अनुरोध पनि गरेको छ। पोर्टलमा प्राप्त सुझाउहरू स्वास्थ्य मन्त्रालयमा राष्ट्रिय कार्यबलका सदस्यहरूको विचारका निम्ति पठाइएको छ। NTF सदस्यहरूको साथमा केन्द्रिय स्वास्थ्य सचिवले विभिन्न प्रमुख हितधारकहरूसित व्यापक परामर्श गर्नुहुनेछ।

राज्यका मुख्य सचिवगण र पुलिस महानिदेशकगणको साथमा चिकित्सा व्यवसायीहरूको सुरक्षाको सम्बन्धमा अल्पकालिक उपायमाथि चर्चा गर्न भोली भिडियो सम्मेलनको माध्यमबाट बैठक हुनेछ। यसको सह-अध्यक्षता केन्द्रिय गृह सचिव र केन्द्रिय स्वास्थ्य सचिवले गर्नुहुनेछ।

--------------------------------------X--------------------------------------

- Medical Sensor

भारतीय चिकित्सा वैज्ञानिकहरूले पार्किन्सन रोग व्यवस्थापनका लागि औषधिको खुराक मिलाउन नयाँ स्मार्ट सेन्सरको विकास गरेका छन्। स्मार्टफोनमा आधारित फ्लोरसेन्स टर्न-अन प्रणाली भएको सेन्सर सस्तो र प्रयोगकर्ता-अनुकूल छ। विज्ञान तथा प्रौद्योगिकीमा उन्नत अध्ययन संस्थानकाअनुसार यस सेन्सरको सहयोगमा शरीरमा L-dopa-को सही मात्रा पत्तो लगाउनका साथै त्यसको आधारमा पार्किन्सन रोग नियन्त्रित गर्न दवाईको आवश्ययक मात्रा निर्धारित गर्न सकिनेछ।

--------------------------------------X--------------------------------------

- **Governor**

सिक्किमका राज्यपाल श्री ओमप्रकाश माथुरले आफ्नो पदभार सम्हालेपछि आज पहिलोपल्ट गृह राज्य राजस्थानको पालीस्थित आशापुरा माता धामको दर्शन गर्नुभयो। उहाँले यस मन्दिरमा पूजा-अर्चना गरेर राज्यवासी एवं आत्मीय जनहरूको सुख, शान्ति र सौभाग्यको कामना गर्दै आशापुरा माँप्रति धन्यवाद व्यक्त गर्भयो। दिव्य शक्तिका लागि प्रख्यात आशापुरा माता धाम राजस्थानको पाली जिल्लाको नाडोलमा स्थित छ, जुन, असंख्य मानिसहरूको आस्थाको केन्द्र हो।

-------------------------------------X-------------------------------------

- **CM Meets Nurses**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीको एउटा अस्पतालमा सेवारत गम्भीर हेरचाह परिचारिका अर्थात Nurses-हरूसित नयाँ दिल्लीस्थित सिक्किम हाउसमा भेट गर्नुभयो।

उहाँले राज्यका स्वास्थ्य हेरचाह व्यवसायीहरूले राजधानी दिल्लीमा उल्लेखनीय अनुभव हासिल गरिरहेकोमा खुशी व्यक्त गर्नुभयो, जसबाट उनीहरू विशेषज्ञताका साथ राज्य फर्किंदा सिक्किमलाई अवश्यै लाभ पुग्ने छ। श्री तामाङले सबै नर्सहरूलाई भविष्यको निम्ति शुभकामना दिँदै उनीहरूलाई यस नोबल व्यवसायमा अटुट निष्ठाका साथ आफ्नो समर्पित सेवालाई निरन्तरता राख्न प्रोत्साहित गर्नुभयो।

-------------------------------------X-------------------------------------

- **RKSK**

राष्ट्रिय किशोर स्वास्थ्य कार्यक्रम-ले सिक्किम इन्सपायरसितको सहकार्यमा आज स्थानीय एउटा होटलबाट विद्यालय शिक्षा तथा कल्याण कार्यक्रमअन्तर्गत जीवन कौशल पाठ्यक्रमका लागि प्रमुख प्रशिक्षक प्रशिक्षण कार्यक्रमको शुरूवात गऱ्यो। आजदेखि शुरू भएको एकतीस अगस्तसम्म चल्ने पाँच दिवसीय कार्यक्रमको उद्देश्य प्रमुख प्रशिक्षकहरूको एउटा समूह तयार गर्नु हो, जसले यस शैक्षणिक वर्षको अन्तसम्ममा प्रत्येक सरकारी र निजी विद्यालयहरूबाट दुईजना शिक्षकहरूलाई एघारवटा विषयमाथि जीवन कौशल पाठ्यक्रम प्रदान गर्न प्रशिक्षित गर्नेछन्।

विद्यालय स्वास्थ्य तथा कल्याण कार्यक्रमको उद्देश्य किशोर-किशोरीहरूबीच सकारात्मक र स्वस्थ्य आचरणको विकास गर्नु, विद्यालयमा नियमित जाँचको माध्यमबाट मानसिक स्वास्थ्य समस्याहरूको पहिचान गरेर उपचार गर्दै उमेर मताबिक मार्गदर्शन दिनु साथै विद्यार्थीहरूको सामाजिक, व्यक्तिगत, बौद्धिक, भावनात्मक र शारीरिक विकासलाई प्राथमिकता दिनु आदि रहेको छ।

राष्ट्रिय किशोर स्वास्थ्य कार्यक्रमकी अतिरिक्त निदेशक एवं राज्य कार्यक्रम अधिकारी डाक्टर कर्मा छेडेन भोटियाले विद्यालय स्वास्थ्य तथा कल्याण कार्यक्रमको विस्तृत जानकारी दिनुभयो।

- <u>Quiz Competition</u>

पाकिम र गेजिङ जिल्लामा उपभोक्ता जागरूकतामाथि आज क्लस्टर स्तरीय अन्तर विद्यालय जागो ग्राहक जागो हाजिरीहवाफ प्रतियोगिता आयोजन गरियो। राज्य भरिका वरिष्ठ माध्यमिक विद्यालयहरूका निम्ति आयोजन भइरहेको हाजिरीजवाफअन्तर्गत आज सम्पन्न प्रतियोगिता पाकिमका निम्ति PM श्री डिक्लिङ वरिष्ठ माध्यमिक विद्यालयमा अनि गेजिङका निम्ति क्योङसा कन्या वरिष्ठ माध्यमिक विद्यालयमा सम्पन्न भयो। पाकिम क्लस्टरका नौं र गेजिङ क्लस्टरका पाँचवटा विद्यालयले सहभागिता जनाएको प्रतियोगितामा सन्तजेभियर पाकिम, माचोङ विद्यालय, PM श्री डिक्लिङ विद्यालय र मध्य पाण्डामस्थित PM श्री टिकालाल निरौला विद्यालय अनि लिङचोम विद्यालय र डम्बरसिंह स्मृति विद्यालय, दराप जिल्ला स्तरीय सेमिफाइनलका निम्ति छनौट भएका छन्।

---------------------------------------X---------------------------------------

- <u>Plantation Drive</u>

मिसन शक्ति योजनाअन्तर्गत बेटी बचाओ बेटी पढ़ाओ सप्ताहको एक भागको रूपमा पाकिम जिल्ला प्रशासनिक केन्द्र परिसरमा आज विभिन्न प्रजातिका विरूवा रोपियो।

महिला तथा बाल विकास विभागअन्तर्गत महिला सशक्तिकरणका लागि जिल्ला केन्द्र र One Stop Centre-ले आयोजना गरेको यस पहललाई बालिकाहरूको सम्मानमा समर्पित गरिएको छ।

जिल्लाधीश श्री रोहन रमेश अग्वानेको अगुवाईमा सम्पन्न विरूवा रोपण अभियानबारे बोल्दै महिला सशक्तिकरणका लागि जिल्ला केन्द्रकी जिल्ला अभियान समन्वयक सुश्री श्रीष्टिका शर्माले यस पहलको महत्त्वलाई प्राकृतिक पर्यावरण र युवा ठिडिहरूको भविष्य पोषित गर्ने प्रतिबद्धताको प्रतिकका रूपमा हो भनी बताउनुभयो।

---------------------------------------X---------------------------------------